म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ७८ मंगलबार ३० असोज २०८० ने. सं. ११४३ कौलाथ्व 17 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बालअधिकारप्रति संवेदनशील बनौं**

☞ माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।

☞ बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं।

☞ बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।

☞ बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भागबण्डा मिलाउन बागमतीमा संसदीय समिति थप्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ बागमती प्रदेश सरकारले प्रदेशसभाको संसदीय समिति बढाउने तयारी थालेको छ । दलहरुले आआफ्नै अडानमा संसदीय समितिमा दाबी गरेपछि भागबण्डा मिलाउन संसदीय समिति बढाएर सभापति चयन गर्ने तयारी गरिएको हो ।



सरकारले प्रदेशसभामा नेतृत्व गर्ने दलहरु सबैलाई खुशी पार्नका निम्ति २ वटा संसदीय समिति थपगर्ने तयारी गरेको हो । ५ वटा संसदीय समिति रहेको प्रदेशसभामा प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, शिक्षा स्वास्थ्य तथा कृषि समिति, उद्योग पर्यटन तथा वातावरण समिति र अर्थ तथा विकास समिति छन् । ती ५ वटा संसदीय समितिहरुमा सबै दलहरुले दाबी गर्न थालेपछि बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले संसदीय समिति थप गर्न छलफल सुरु गरिसकेका छन् ।

१४ पुसमा शपथ लिएका सांसदहरुले प्रदेशसभाको संसदीय सभापति भने १० महिना पुग्न लाग्दासमेत चयन हुन सकेको छैन । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सत्तारुढ दल र प्रतिपक्ष दलहरु सबैले समितिको नेतृत्वमा आआफ्नै दाबी गर्न थालेपछि संसदीय समितिको भागबण्डा मिल्न सकेको छैन । मुख्यमन्त्री जम्मकट्टेलले समितिको सभापति सहमति अनुसार चयन गर्न संसदीय समिति अपुग हुने भएपछि बढाउने तयारी गरेका हुन् ।

नेकपा माओवादी केन्द्रका एक सांसदका अनुसार प्रदेशसभाको संसदीय समितिमा सबैभन्दा ठुलो दलको हैसियतले नेपाली कांग्रेसले ३ वटामा सभापति दाबी गरेको छ भने सरकारको नेतृत्व गरिरहेको दल नेकपा माओवादी केन्द्रले २ वटा समितिको सभापतिमा दाबी गरेको छ । नेकपा एकीकृत समाजवादी, हाम्रो नेपाली पार्टीले १/१ वटा समितिको सभापतिमा दाबी गर्दै आएका छन् ।

प्रमुख प्रतिपक्ष दल एमालेले पनि २ वटा संसदीय समितिको सभापति विपक्षी दलहरुले पाउनुपर्ने माग गरेको छ । प्रतिपक्ष दल राप्रपाले १ वटा संसदीय समितिमा मागदाबी गरेको छ । राप्रपाले सांसद संख्याको आधारमा आफ्नो दललाई पनि सहमतिका आधारमा १ वटा समितिको नेतृत्व माग गरेको हो । बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठका अनुसार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुको मागदाबीका कारण संसदीय समितिको सभापतिको चयन हुन नसकेको हो । उनले सहमतिका लागि अन्तिम प्रयास गर्ने तर, सहमति हुन नसकेको खण्डमा प्रक्रियामै गएर सभापतिको टुंगो लगाउने बताए ।

मन्त्री श्रेष्ठका अनुसार संसदीय समिति थप गर्ने कुनै निर्णय भइसकेको छैन तर, थप गर्नुपर्छ की ? भन्ने एक खालको छलफल भएको बताए । 'संसदीय समिति थपिहाल्नुपर्छ भन्ने कुनै निर्णय भएको छैन । तर, सबै दललाई मिलाएर लैजानका निम्ति थप्नुपर्छ की ? भन्ने कुरा चाँहि भएको हो,' मन्त्री श्रेष्ठले भने, 'सहमति बनेको खण्डमा ५ वटा समितिलाई उचित तवरले दलहरुमा बाँडेर समितिको सभापति चयन गर्ने सरकारको तयारी छ । तर, दलहरुको मागदाबी उच्च हुँदा संसदीय समिति अपुग हुने देखिएको छ ।'

प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिं लामाका अनुसार कांग्रेस ठूलो दलको हैसियत अनुसार २ वटा संसदीय समिति आफूहरुले पाउने दाबी गरेका छन् । उनका अनुसार शीर्ष नेतृत्वको छलफलमा नै २ वटा संसदीय समिति कांग्रेसले पाउनेगरी टुंग्याएको बताए । मन्त्री लामाले संसदीय समिति थप्नका निम्ति केही छलफल भएको समेत बताए ।

### संसदीय समिति संख्या बढाए एमालेले विरोध गर्ने

एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले बागमती प्रदेशमा संसदीय समिति बढाए विरोध गर्ने चेतवानी दिएका छन् । थपलियाले ५ वटा संसदीय समिति बाहेक प्रदेशमा थप संसदीय समितिको आवश्यक नरहेको बताए । 'संसदीय समिति थप गरे प्रदेशको खर्चले धान्न सकिदैन र, यसको जरुरी पनि छैन,' थपलियाले भने, 'कुनै नियम र ऐनले पनि मिल्दैन त्यसकारण सरकारले संसदीय समितिको संख्या बढाए हामी विरोध गर्छौं ।' उनले प्रतिपक्षीको हेसियतले लेखा समिति पाउने हुँदा थप अर्को एक समिति दिएर २ वटा प्रतिपक्षी दलले पाउनुपर्ने दाबी गरे ।

## अक्सिजनमा अत्मनिर्भर हेटौंडा अस्पताल

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/२ वर्षअघि कोभिड-१९ संक्रमणका कारण देशभर नै अक्सिजनको अभाव भएको थियो । अस्पतालहरुमा अक्सिजन अभावका कारण बिरामीको उपचार प्रभावित हुन नदिन विभिन्न दातृसंस्थाले अक्सिजन सिलिण्डर सहयोगस्वरुप उपलब्ध गराएका थिए ।

महामारीको समयमा काठमाडौंका अस्पतालमा समेत अक्सिजन अभाव भयो । मेडिकल सिटीको रुपमा परिचित भरतपुरमा पनि अक्सिजन अभावको संकटबाट अलग रहन सकेन । भरतपुरसँगै हेटौंडाका अस्पतालमा पनि अक्सिजनको अभाव देखियो । रातारात अस्पतालहरुले अक्सिजनको जोहो गरे । विभिन्न संघसंस्थाको सहयोगमा अक्सिजनका सिलिण्ड प्राप्त भयो भने केहीले अक्सिजन प्लान्ट नै स्थापना गरे ।



अहिले भरतपुर अस्पताल र हेटौंडा अस्पताल अक्सिजनमा आत्मनिर्भर बनेका छन् । नेपाल सरकारको स्वामित्वमा रहेको भरतपुर अस्पतालमा कोभिड-१९ महामारीको समयमा एकैपटक ५० सिलिन्डर अक्सिजन प्रयोग हुन्थ्यो । त्यस समयमा अस्पताललाई अक्सिजन व्यवस्थापन निकै चुनौतीपूर्ण बनेको थियो । तर, अहिले भरतपुरमा ३ वटा अक्सिजन प्लान्ट सञ्चालनमा छन् । दैनिक २५० सिलिन्डर उत्पादन गर्ने २ वटा प्लान्ट सञ्चालनमा छन् । थप २० हजार लिटर लिक्विड अक्सिजन स्टोर गर्न अर्को प्लान्ट पनि सञ्चालनमा रहेको अस्पतालका सूचना अधिकारी गोपाल पौडेलले जानकारी दिए ।

६०० शैयाको भरतपुर अस्पतालमा केहीदिन अघिमात्र गैरआवासीय नेपाली संघ (एनआरएनए) को सहयोगमा दैनिक १७५ सिलिन्डर उत्पादन गर्न सक्ने अक्सिजन प्लान्ट निर्माण भइ हस्तान्तरण भएको छ । अब अस्पताल अक्सिजनमा आत्मनिर्भर बनेको छ । हाल अस्पतालमा दैनिक १५० सिलिन्डर अक्सिजन खपत हुने गरेको सूचना अधिकारी पौडेलले बताए । अस्पतालको इर्मजेन्सी, आइसीयू, एनआइसीयू र पोष्टअप वार्डमा बढी मात्रामा अक्सिजन खपत हुने गरेको उनले बताए ।

यसअघि दैनिक ७५ सिलिन्डर अक्सिजन उत्पादन गर्ने प्लान्ट सञ्चालनमा रहे पनि लिक्विड अक्सिजन खरिद गरी स्टोर प्लान्टमा भरेर राख्नुपर्ने बाध्यता थियो । कोभिड-१९ को समयमा भरतपुर अस्पतालमा दैनिक २३० वटा सिलिन्डर बाहिरबाट खरिद गर्नुपर्ने अवस्था थियो । अक्सिजनमा आत्मनिर्भर बनेसँगै हाल अस्पतालको दैनिक ६१ हजार रुपैयाँ बचत हुने गरेको पौडेलले बताए । गत साउनमा मात्र अस्पतालले ५ लाख रुपैयाँ खर्च गरेर १८ हजार लिटर लिक्विड अक्सिजन खरिद गरेको थियो ।

यस्तै हेटौंडा अस्पताल पनि अक्सिजनमा आत्मनिर्भर बनेको छ । अस्पतालमा रहेका ३ वटा प्लान्टमध्ये २ वटा प्लान्ट सञ्चालनमा रहेको अस्पतालका अध्यक्ष राजेश प्रसाईले बताए । अस्पतालमा ३६ घनमिटर, ४० घनमिटर क्षमताको २ वटा अक्सिजन प्लान्ट सञ्चालनमा छन् । ४ घनमिटरको लिक्विड रिफिल प्लान्ट स्टकको रुपमा छ । यो प्लान्ट महामारीका समयमा मात्र सञ्चालन गर्नेगरी तयारी अवस्थामा रहेको उनले बताए ।

अस्पतालमा हाल दैनिक ५० वटा अक्सिजन सिलिण्डर खपत हुने गरेको र यो खपत पाइपलाइनबाट सबै वार्डमा पुऱ्याउने गरिएको प्रसाईको भनाइ छ । हाल ४० घनमिटर क्षमताको प्लान्ट २ वटा इन्जिनबाट सञ्चालन भइरहेको उनले बताए । यो प्लान्टको अक्सिजन अपुग भएको खण्डमा ३६ घनमिटर क्षमताको प्लान्ट सञ्चालन गर्ने गरिएको उनको भनाइ छ ।

प्रसाईका अनुसार अक्सिजन प्लान्ट सञ्चालन हुनुपूर्व ६०० रुपैयाँ प्रतिसिलिण्डरका दरले अक्सिजन खरिद गर्नुपर्ने बाध्यता थियो । अस्पतालको केही वार्डमा अझै पनि पाइपलाइन विस्तार नभएकाले केही थान अक्सिजन सिलिण्डर खरिद गरेरै चलाउनु परेको उनले बताए ।

## हेटौंडामा चाडपर्व लक्षित विशेष चेकिङ सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ मकवानपुरमा सोमबारबाट चाडपर्व लक्षित विशेष चेकिङ सुरु गरिएको छ । नजिकिदै गरेको चाडपर्व बडादसैं, शुभदीपाली, नेपाल सम्वत एवम् छठ पर्वलाई लक्षित गर्दै जिल्लाको हेटौंडास्थितको विभिन्न स्थानमा विशेष चेकिङ सुरु गरेको मकवानपुर प्रहरीले जनाएको छ ।

मकवानपुरमा प्रवेश गर्ने तथा बाहिरिने सवारी साधनहरुमा प्रतिबन्धित वस्तुहरु, पटाका, लागूऔषध, भन्सार छलिका समानहरु लगायत अन्य विष्फोटकपदार्थहरु समेत ओसारपसार हुन सक्ने भएकोले तालिम प्राप्त कुकुरसहित विशेष चेकिङ सुरु गरेकोजिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

विशेष चेकिङमा हेटौंडा-१५ स्थित रातोमाटे चेकपोष्टमा तालुक बागमती प्रदेश प्रहरी कार्यालय केनाईन (डग शाखा), ईलाका प्रहरी कार्यालय पशुपतिनगर र प्रहरीचौकी रातोमाटे मकवानपुर बाट संयुक्त रुपमा खटिएको प्रहरी टोली रहेका छन् ।

## सुशीलको जोडीलाई ब्याडमिन्टनको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ हेटौंडा-६ मा सम्पन्न ब्याडमिन्टन प्रतियोगिताको उपाधि सुशील थापा र सुशील तिमल्सिनाको जोडीले जित्न सफल भएको छ । सोमबार भएको फाइनल खेलमा प्रवीण गौतम र श्रीराम पुडासैनीको जोडीलाई पराजित गर्दै थापा र तिमल्सिनाको जोडीले उपाधि जितेको हो ।

प्रतियोगिताको उपाधि बिजेता एवम् उपबिजेताले नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र समेत प्राप्त गरेका छन् । प्रमोद राई र अमित जिसीको टिमले तेश्रो स्थान हात पार्न सफल भएको छ । शुभबिजयादशमी, दीपावली एवम् छठ पर्वको अवसर मा रोहिनी स्वस्तिक बालउद्यान संस्थाको आयोजनामा भएको प्रतियोगितामा १२ वटा टिमले सहभागिता जनाएका थिए ।

## बागमती प्रदेश सांसदलाई दसैंभत्ताबापत ८५ लाख वितरण



साझाकुरा संवाददाता


हेटौंडा, २९ असोज/ बागमती प्रदेश संसद् सचिवालयले दसैंभत्ताबापत् सांसद् र उनीहरुको स्वकीयहरुका लागि ८५ लाख रुपैयाँ बढी उपलब्ध गराएको छ । दसैं सुरु हुनु अगाडि नै सांसद र स्वकीय सचिवलाई ८५ लाख ११ हजार ५ सय ५० रुपैयाँ भत्ताबापत वितरण गरिएको हो ।

दसैंभत्ताबापतको रकम ९५ जना सांसदहरुलाई ४९ लाख ५९ हजार रुपैयाँ र स्वकीय सचिवहरुलाई ३२ लाख ९९ हजार ३ सय ५० रुपैयाँ सम्बन्धित बैंक खातामार्फत दाखिला गरिएको बागमती प्रदेशसभा सचिवालयका लेखाअधिकृत बालकृष्ण अधिकारीले जानकारी दिएका छन् । लेखाअधिकृत अधिकारीका अनुसार सभामुख, उपसभामुख र प्रतिपक्षी दलका नेतालाई भत्ताबापत १ लाख ७७ हजार र तीनका स्वकीयहरुलाई १ लाख १२ हजार २ सय २८ रुपैयाँ दसैं खर्चबापत भत्ता वितरण गरिएको छ ।

प्रदेशका मुख्यमन्त्री एवम् ११ जना मन्त्रीहरु र तीनका स्वकीय सचिवहरुको दसैंभत्ता भने मुख्यमन्त्री कार्यालयबाटै जाने हुँदा प्रदेशसभामा तथ्यांक नहुने लेखाअधिकृत अधिकारीले जानकारी दिए । दसैंभत्ताबापत् सभामुखले ६१ हजार चार सय ५० रुपैयाँ, उपसभामुख र प्रमुख प्रतिपक्षी दलका नेताले ५८ हजार रुपैयाँ, सचेतकहरुले ५४ हजार पाँच सय २० रुपैयाँ र प्रदेशसभा सदस्यले ५२ हजार दुई सय रुपैयाँ दसैंभत्ता लिएका छन् ।

बागमतीमा हालसम्म संसदीय समितिका सभापतिहरुको टुंगो नलागेको हुँदा सभापतित्व गर्ने जेष्ठ सदस्यहरुलाई सांसदकै तलव बराबरको भत्ता दिइएको संसद सचिवालयले जनाएको छ । प्रदेशसभाका सभामुखका स्वकीय सचिवले उपसचिव सरह ४० हजार तीन सय ८०रुपैयाँ, शाखाअधिकृत सरहले ३५ हजार नौ सय ९०, उपसभामुख र प्रमुख प्रतिपक्षी दलको नेताको स्वकीय सचिवले शाखाअधिकृतसरह ३५ हजार नौ सय ९० र बाँकी सांसदहरुको स्वकीय सचिवले नायव सुब्बासरह ३४ हजार ७ सय ३० रुपैयाँ चाडपर्व भत्ता खर्च शीर्षकमा दसैंभत्ता बुझेका छन् ।

सभामुख भुवनकुमार पाठकले ऐन अनुसार नै भत्ता दिइएको बताए । सभामुख पाठकले भने, 'प्रदेशसभा सचिवालयले नियमानुसार भत्ता वितरण गरिएको हो । हामीले नियम नै बनाएर पारिश्रमिक तोकेका छौं ।,' हाल बागमतीमा कांग्रेसको ३७, माओवादी २१, एमालेको २७, राप्रपाको १३ एकीकृत समाजवादी ७ सिट छ भने नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीको २ सिट छ ।



साझाकुरा

## हाम्रो कुरा

# कृषिको बजेट खर्च

कृषि प्रधान मुलुक भएर पनि कृषि क्षेत्रका प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरु कमजोर भएकै कारण उत्पादन कमजोर बन्यो । नेपालमा सरकारले कृषिमा दिने अनुदान टाठाबाठाका लागि मात्रै काम लाग्ने र वास्तविक किसानले अनुदान कहिल्यै लिन नसक्ने अवस्था छ । वास्तविक किसान ठगिने बिचौलिया मात्रै मोटाउने काम भएको छ । जसकारण वास्तविक किसानहरु कृषि पेशाबाट विस्तारै पलायनतर्फ उन्मुख भइरहेका छन् । हाल कृषिमा आवद्ध रहेकाहरु पनि व्यवसायिक कृषि पेशा नअंगाली निर्वाहमुखी काम मात्रै गरिरहेका छन् । किसानलाई उत्साह ल्याउनुपर्ने संघ, प्रदेश र स्थानीय सरकारहरु वास्तविक किसानको खेतबारीमा नपुगी नै बजेट तर्जुमा गर्दा कृषिप्रधान मुलुक उल्टो गतिमा अगाडि बढिरहेको छ । स्वदेशमै उत्पादन हुनसक्ने कृषिउपज पनि भारतीय बजारबाट खरिद गर्ने क्रम बढ्दो छ । ब्यापारघाटा जतिसुकै चुलिएपनि तीनै तहका सरकारलाई यसको कुनै चासो र चिन्ता छैन । मकवानपुरकाको १० वटै स्थानीय तहमा अन्नबाली विगतको अवस्था भन्दा हाल घट्दो अवस्थामा छ ।

गाउँका बस्ती रितिँदै जानु र सहरी क्षेत्रमा खेतियोग्य जमिन मासिनु संयोग मात्र होइन, यसको प्रभाव दीर्घकालीन असर पुऱ्याउने प्रकृतिको छ । नीति र योजना बनाउने जनप्रतिनिधि तथा कर्मचारी नै कृषि पेशाबारे अनविज्ञ भएपछि हेटौंडामा कृषि कार्यक्रम कमजोर र बजेट खर्च गर्न कठीन हुनु स्वभाविक हो । हेटौंडा उपमहानगरपालिकाले गत आर्थिक वर्ष २०७९/८० मा बिनियोजन भएको कृषि क्षेत्रको बजेट जम्मा ६४ दशमलव ५१ प्रतिशत मात्रै खर्च गर्न सकेको छ । करिब ३५ प्रतिशत कृषि बजेट खर्च गर्न नसक्नु कृषि कार्यक्रम तर्जुमा र कार्यान्वयनमा जनप्रतिनिधि र कर्मचारी कमजोर देखिएका छन् । उपमहानगरको आन्तरिक स्रोत, संघीय सकार र प्रदेश सरकारको समानिकरण अनुदानबाट बिनियोजित कुल ५ करोड ५६ लाख ९७ हजार २ सय ७० कृषि बजेट रहेकोमा ५९ दशमलव ५७ प्रतिशत अर्थात् ३ करोड ३१ लाख ८० हजार ८ सय ९९ रुपैयाँ मात्र खर्च भएको कार्यालयकै तथ्यांकले देखाउँछ । त्यस्तै, संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदान) ५१ लाख बिनियोजन भएकोमा ६१ दशमलव ६७ प्रतिशत अर्थात् ३१ लाख ४४ हजार ७ सय २४ रुपैयाँ मात्र खर्च भएको छ । प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) १ करोड बिनियोजन भएकोमा ९३ दशमलव ४७ प्रतिशत अर्थात् ९३ लाख ४७ हजार २ सय ८० रुपैयाँ कृषि क्षेत्रमा खर्च भएको देखिन्छ । उपमहानगरको आन्तरिक स्रोत, संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान गरी कुल ७ करोड ७ लाख ९७ हजार २ सय ७० बिनियोजन भएकोमा ६४ दशमलव ५१ प्रतिशत अर्थात् ४ करोड ५६ लाख ७२ हजार ९ सय ३ रुपैयाँ मात्र खर्च भएको छ ।

उपमहानगरको यो कार्यक्रम पनि अधिकांश तालिम, गोष्ठी, सेमिनार, बैठक सञ्चालन तथा जनप्रतिनिधि र कर्मचारीको अनुगमनमा केन्द्रित र उत्पादनका कार्यक्रम आशिंक छन् । गत आर्थिक वर्ष २०७९/८० मा उपमहानगरले युवा लक्षित कृषि विकास कार्यक्रम, कृषिमा महिला प्रोत्साहन, साना सिचाईलगायत ७ वटा कार्यक्रम सञ्चालनको लागि ८१ जना कृषकसँग कार्यक्रम सम्झौता गरेको उपमहानगर पालिकाको तथ्यांकले देखाएको छ । संघीय सशर्त अनुदानअन्तर्गत् गतवर्षको तरकारी पकेट क्षेत्रको निरन्तरता-१, धान पकेट क्षेत्र-१, तरकारी पकेट क्षेत्र-१ सम्झौता भएर चालू अवस्थामा रहेको जनाइएको छ । उपमहानगरले कृषि तथा पशु व्यवसायलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउँदै युवा विदेश पलायनलाई रोकी कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन नसक्नु, बढ्दो विश्व उष्णताप्रभाव न्युनीकरण, जैविक विविधताको संरक्षण र नयाँ-नयाँ रोगसँग लड्न सक्ने क्षमताको विकास गरी स्थानीय उत्पादन प्रवर्द्धन गर्न नसक्नु, समयमै मल, बीउ र विषादि किसानलाई उपलब्ध गराउन नसक्नु, कृषि तथा पशुपन्छी विकासका लागि भू-उपयोग नीति अनुकूल नहुनु, कृषि उपकरण आपुर्ति हुन नसक्नु जस्ता समस्याले उपमहानगरको लक्ष्य अधुरै देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कार्तिक १ गते बुधबार १८ अक्टोबर २०२३ । चतुर्थी आश्विन कृष्णपक्ष । कौलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:०६, सूर्यास्त ५:३१ । कार्तिक संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मित्रताले हर्ष बढ्नेछ | **तुला** | : सहयोगीले असहयोग गर्नेछन् |
| **वृष** | : कामको तारिफ हुनेछ | **वृश्चिक** | : पढाइमा प्रगति हुनेछ |
| **मिथुन** | : अरुको मन लोभ्याउन सकिनेछ | **धनु** | : समस्या दोहोरिन सक्नेछ |
| **कर्कट** | : दाम कमाउने बेला छ | **मकर** | : घरेलु काममै अलमल हुनेछ |
| **सिंह** | : प्रयत्न निरर्थक हुनेछ | **कुम्भ** | : भूमिबाट लाभ लिने समय छ |
| **कन्या** | : व्यावसायिक काम बन्नेछ | **मीन** | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ |

# ललितानिवास प्रकरण न्याय प्रणालीको भद्दा मजाक



✍ डा. गणेश रेग्मी




"जब संगठित अपराधमा मुद्दा नचल्ने अवस्था थियो प्रारम्भिक प्रतिवेदन उपरको निर्देशिनमा यो कुराको निर्देशनकि दिइएन ? चलाउन नमिल्ने मुद्दामा म्याद किन थपियो ? प्रहरीसँगै मुकाम गरी बसेको हो भने खटिएको सहकारी वकिल किन गम्भीर भएन ?"

ललितानिवास प्रकरणमा मुद्दा अनुसन्धानको मार्गदर्शक प्रहरीको सुडान काण्डलाई मान्न सकिन्थ्यो। उक्त काण्डमा संलग्न भनिएका ३२ प्रहरी कर्मचारीमध्ये अन्ततः नेतृत्व गर्ने तीन प्रहरी प्रमुखलाई मात्र दोषी ठहर गरे जस्तै यसमा पनि करिब ३०० जना मिलेर किर्ते गरे भन्नुभन्दा दलाल, संलग्न उच्च राजनीतिक नेतृत्व र माथिल्ला कर्मचारीलाई मात्र केन्द्रविन्दुमा राखी अनुसन्धान गरेको भए अर्कै अवस्था हुनेथियो।

प्रधानमन्त्री, सभामुख र प्रधानन्यायाधीश निवास समेत रहेको सरकारी जग्गा किर्ते गरी बाँडियो र बेचियो । यो प्रकरण अहिले अदालतको एक कुनामा मिसिलको रूपमा छ । कानुन प्राध्यापनमा संलग्न अधिवक्ता पङ्क्तिकारको अनुभवमा यो प्रकरण नेपालको न्याय प्रणालीको एउटा कुरूप नमुना बन्यो । यो न्याय प्रणालीको भद्दा मजाकको नमुना बनेको छ । तथापि, सञ्चार माध्यममा सम्प्रेषित समाचार अनुसार हुनु लेखको सीमा हो ।

### हदम्याद सन्दर्भ

यो प्रकरणमा सीआईबीका धेरै विशेषज्ञ अनुसन्धानकर्ता र चार सरकारी वकिल सीआईबीमा नै मुकाम गरी खटिएका रहेछन् । अन्ततः सरकारी छाप किर्तेमा अभियोगपत्र दायर गरियो । फौजदारी अपराध संहिताको दफा २८३ अनुसार सार्वजनिक लिखत किर्ते गरेको मुद्दामा दुईवर्षे हदम्याद हुने र मुलुकी ऐन २०२० को किर्ते कागजको महलको दफा १८ बमोजिम जहिलेसुकै मुद्दा दर्ता गर्न सकिने थियो ।

राजा महेन्द्रको पालादेखि सुरू भई २०७४ साल अगाडि नै काम तमाम भइसकेको अपराधमा पछि जारी अपराध संहिता, २०७४ अनुसारको हदम्याद लाग्दैन भन्ने कुरा अनुसन्धान गर्ने प्रहरी, वकिललाई जानकारी नहुने कुरै हुँदैन । 'पोलिटिकल बिगबिग' समेतका ४०६ जनाउपर पक्राउ पुर्जी जारी यो ठूलो मुद्दामा सरकारी वकिललाई नसोधी अभियोगपत्र एकाङ्की रूपमा जाँदै जाँदैन ।

मुलुकी ऐन अनुसार जहिलेसुकै मुद्दा दायर गर्न सक्ने कुरालाई मध्यनजर गर्दै तत्कालै पूर्ण अनुसन्धान गरी मिसिल पठाएको र सरकारी वकिलबाट मुद्दा फिर्ता गर्नै नपर्ने अवस्था रहेको भए सायद यो मुद्दाको स्वरूप नै फरक पर्ने थियो ।

### दर्ता, म्याद थप संगठित अपराधमा तर दायर किर्तेमा

प्रहरीले मुद्दा प्रारम्भिक अनुसन्धान पछि अपराध संहिताको दफा १० अनुसार प्रारम्भिक प्रतिवेदन पठाउनुपर्ने हुन्छ । संहिता दफा १०(३) अनुसार सो प्रतिवेदनको आवश्यक अध्ययन गरी वकिलले प्रहरीलाई थप निर्देशन दिनुपर्छ । दफा १०(४) अनुसार सो पालना गर्नु प्रहरीको कर्तव्य हो, नगर्ने प्रहरीलाई कारबाही हुन्छ ।

दफा २७ अनुसार यस्ता मुद्दामा महान्यायाधिवक्ता आफैंले पनि अनुसन्धान जानकारी लिने र आवश्यक निर्देशन दिन व्यवस्था छ । महान्यायाधिवक्ताले अनुसन्धान अधिकृत वा निजको विभागीय अर्थात् आईजीपी समेतलाई निर्देशन दिन सक्छन् । सुरुमा सरकारी लिखत किर्तेमा मात्रै अनुसन्धान गरेको मुद्दा सरकारी वकिलले कार्यालयले फिर्ता पठाएपछि संगठित अपराधमा मुद्दा दर्ता गरिएको, फेरि वकिलले संगठित अपराधमा मुद्दा चल्दैन भनेर किर्तेमा मात्र चलाएको देखियो ।

संगठित अपराध सम्बन्धी कानुन २०७० सालमा आयो । जग्गा घोटाला त्यसपूर्वकै हुन् । पश्चातदर्शी कानुनबाट कारबाही गर्न नमिल्ने भन्ने कानुनको सामान्य सिद्धान्त मुद्दा दर्ता, म्याद थप र अभियोगपत्र दायर गर्दा समेत किन पालना गरिएन ? यसले गर्दा २५ दिनमा मुद्दा सिध्याउनुपर्ने मुद्दामा करिब दुई महिनासम्म पुग्यो मानौं राज्यले नै झुक्याएर फसाएको भयो ।

संहिताको दफा १४ अनुसार प्रहरीले अभियुक्तको म्याद थप गर्न लैजाँदा सरकारी वकिल मार्फत लैजानुपर्ने हुन्छ । वकिलले यसमा बहस समेत गर्नुपर्छ । पछि आफैंले संगठित अपराधमा मुद्दा चलाउन इन्कार गरेको सरकारी वकिलले त्यसपूर्व संगठित अपराधको अनुसन्धानको म्याद त्यो लिंदा किन हेरेन ? दफा १४(२) अनुसार म्याद थप गर्दा आधार र कारण दिनुपर्नेमा अदालतले पनि १४ (६) को 'आवश्यक र उचित भए-नभएको' मर्म हेर्नुपर्नेमा किन हेरेन ?

### अपराधबाट प्राप्त सम्पत्ति फिर्ता गरे मुद्दा नचल्ने ?

उच्च राजनीतिक र उच्च न्यायिक व्यक्तिलाई जग्गा फिर्ता दिएपछि मुद्दा नचलाउने निर्णय गरिएको रहेछ । तर, त्यस्तै अरु व्यक्ति शिविका खेतान, सज्जनकुमार चाचान, रोजन खनाल, मितु गुरुङ र देवांसी गोयललाई भने जग्गा फिर्ता गरे पनि किन मुद्दा चलाएको ?

समा थप, सीआईबीले आफ्नो राय सहितको प्रतिवेदनमा मुद्दा चलाउने सिफारिसका साथ पठाएका पूर्व निर्वाचन आयुक्त सुधीरकुमार शाहलाई सिफारिस गरिए उल्टो मुद्दा नचलाउने काम भएछ । एउटै विवादमा र एउटै स्वरूपमा कसैले जग्गा फिर्ता गर्दा छुट्ने, कोही नछुट्ने, मुद्दा चलाउन सिफारिस भएको कोही छुट्ने र मुद्दा नचलाउन सिफारिस भएको कोही मुद्दामा पर्ने ?

यो मुद्दाले अपराध गरे पश्चात् 'प्राप्त परिणाम'फिर्ता गरेमा मुद्दा नचल्ने र अपराध माफ हुने नयाँ प्रचलन ल्यायो । कानुनको शासन वा मानवअधिकारको संरक्षणको लागि यो प्रचलनमा ल्याइएको होइन । अर्थात्, असल नियतले ल्याएको भन्न गाह्रो छ । के अब अन्य सर्वसाधारणले पनि अपराधको प्राप्ति फिर्ता गरेपछि मुद्दा चल्दैन ?

### अभियुक्तहरूलाई पक्राउ गरिएको सन्दर्भ

यसमा ४०६ जना विरुद्ध पक्राउ पुर्जी जारी भएछ । तत्काल शाखा अधिकृत भएको अवस्थामा टिप्पणी लेख्ने हालका सचिव कृष्णबहादुर राउतलाई पक्राउ गरियो । समग्र कर्मचारीहरूमा एउटा टिप्पणी उठाउने एउटा शाखा अधिकृत मात्र पक्राउ ? शाखा अधिकृत पक्राउ हुने तर अरु कर्मचारी, सचिव अनि मुख्य सचिव लीलामणि पौडेललाई किन नसमातिएको ?

पूर्वमन्त्रीहरू विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ, चन्द्रदेव जोशी र सञ्जय साह सहित दुई पूर्वप्रधानमन्त्री कसैलाई पक्राउ गरिएन । दुई पूर्वप्रधानमन्त्रीलाई बयान समेत लिइएन । 'बयान' भनेको प्रहरीले सरकारी वकिलको रोहवरमा गर्ने कागज हो । पूर्व प्रधानमन्त्रीद्वयलाई 'मौकाको कागज' गराइयो । व्यवहारमा 'ठाडो कागज' भनिने यस्तो डकुमेन्ट कुनै अपराध हुँदाहुँदैका अवस्थामा देखेको कसैसँग प्रहरीले मात्र घटनास्थलमा गर्ने हो । संहिताको दफा १६ अनुसारको 'बयान' गराएको भए के बिग्रने थियो ?

एकातर्फ, तत्कालीन शाखा अधिकृत राउतलाई पक्राउ गरियो र जिल्ला अदालतको म्याद नदिएको कारण छोडियो, अर्कोतर्फ सर्वोच्चले पक्राउ गर्न अनुमति दिएका मन्त्री र प्रधानमन्त्रीलाई बयानसम्म पनि नलिने ?

जग्गा किर्ते गर्नेहरू त दोषी हुँदै हुन् तर सो किर्ते भएको जग्गा खरिद र पुनः खरिद गर्ने व्यक्ति फरक हुन् । कसैले गलत तरिकाले नक्कली नै जग्गाधनी प्रमाणपुर्जा बनायो, सरकारी कार्यालयमा रहेको सोही पुर्जाको आधारमा कसैले जग्गा चल्तीको रेटमा सरकारलाई कर दस्तुर तिरेर मालपोत र नापीबाट रजिष्ट्रेशन पास गरी जग्गा किन्यो भने त्यो दोषी हुँदैन वा अन्य मुख्य दोषी सरह हुँदैन । यो मुद्दामा यस्ता व्यक्ति पनि पक्राउ परे र समान रूपमा दोषी किटान गरियो । यसले अभियुक्तहरूको संख्या ठूलो भयो, मुद्दाको गाम्भीर्य हलुको भयो ।

२८९ जना अभियुक्त भएको मुद्दामा १८ जना मात्र पक्राउ परेछन् । फरार भएका अन्यमा सचिव, सहसचिव, बहालवाला सिडियो, निरन्तर पिएसओ (सुरक्षाकर्मी) पाइरहेका मन्त्रीहरू परेछन् । यस्ता व्यक्ति पनि फरार ?

### मन्त्रिपरिषद्ले निर्णय गरे अपराध गरे पनि सुरक्षित हुने ?

उच्च राजनीतिक व्यक्तिले कतिपय अवस्थामा आफ्नो हित र स्वार्थ अनुकूलको निर्णय कर्मचारीबाट उठाउन लगाउने, सोही आधारमा मन्त्रालयबाट सिफारिस गर्न लगाउने, त्यो विषय मन्त्रिपरिषद्बाट पास गराउनेरहेछ । नेतागणको स्वार्थ रहेको अनुचित काम पनि हुने र मन्त्रिपरिषद्ले गरेको निर्णय भन्ने देखाएर अख्तियार र अन्य न्यायिक झमेलाबाट मुक्ति पाउने गर्दा रहेछन् भन्ने यो मुद्दाले देखायो । अनि त्यस्ता राजनीतिक र उच्च कर्मचारीहरूलाई संयोजन गर्ने काम बिचौलियाबाट हुँदोरहेछ । मन्त्रिपरिषद्बाटै पास भएको भन्ने नाममा स्वार्थ अनुरूपको काम यो बाहेक अरु मुद्दामा पनि भएका हुनसक्ने देखियो ।

### अलमलिएको निरीह प्रहरी

अख्तियारले भ्रष्टाचारको विषयमा मुद्दा चलाइसकेको अवस्थामा प्रहरीमा किर्ते अपराध अनुसन्धानको जिम्मेवारी आयो । प्रहरी सुरुमै अलमलियो र संगठित अपराध अन्तर्गत मुद्दा लगाएन । सयौं मानिसलाई पक्राउ पुर्जी जारी गर्ने, प्रशस्त कागजातहरू जम्मा गर्ने तर राजनीतिक व्यक्तिलाई छुनै नसक्ने र सरकारी कर्मचारीको उच्चतहलाई अप्ठ्यारोमा नपार्ने मनस्थिति देखिने तरिकाले अनुसन्धान भयो ।

यस्तो गम्भीर अपराध अनुसन्धान हुँदै गर्दा हरेक दिनका अनुसन्धानका विवरण छापामा आइरहेका हुने गर्थे । सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ३(३) (ख) अनुसार 'अन्डर इन्भेष्टिगेसन' विषयमा सूचना माग्न र दिन हुँदैन । प्रहरी काम र अनुसन्धान प्रक्रिया नाङ्गै हुने गरी समाचार संप्रेषण हुने अवस्था कसरी आयो ?

कुनै स्वार्थले यो मुद्दा अनुसन्धान गर्न लगाइएको, कोसँग कसरी 'डिल गर्ने' भन्ने अन्यत्रबाटै फरमान जारी भएको र प्रहरीले सो पालना गरेको जस्तो देखियो । अनुसन्धान गर्ने जिम्मेवारी र अधिकार सम्बन्धित मुद्दा हेर्ने प्रहरी अधिकृतलाई मात्र प्राप्त 'विशेषाधिकार' हो । यो संवैधानिक जिम्मेवारीमा आफ्नो कार्यालय प्रमुखलाई समेत हस्तक्षेप गर्ने अधिकार हुँदैन भन्ने सिद्धान्त यस मुद्दामा नराम्रोसँग खलबलिएको जस्तो देखिन्छ ।

यो मुद्दा अनुसन्धानको मार्गदर्शकको रूपमा 'प्रहरीको सुडान काण्ड' लाई मान्न सकिन्थ्यो । 'एपीसी काण्ड' मा संलग्न भनिएका ३२ जना प्रहरी कर्मचारीहरूमा अरुलाई उन्मुक्ति दिई अदालतले अन्ततः नेतृत्व गर्ने तीन जना प्रहरी प्रमुखलाई मात्र दोषी ठहर गरे जस्तो यसमा पनि करिब ३०० जना सबै मिलेर किर्ते गरे भन्नुभन्दा दलाल, संलग्न उच्च राजनीतिक नेतृत्व र माथिल्ला कर्मचारीलाई मात्र केन्द्रविन्दुमा राखी अनुसन्धान गरेको भए अर्कै अवस्था हुनेथियो । धेरै अभियुक्त बनाइएकोले अपराध नै हलुको हुने अवस्था आयो ।

भर्खरै भुटानी शरणार्थी मुद्दाको अनुसन्धानमा प्रभावकारी अनुसन्धान गर्ने केही उच्च व्यावसायिक प्रहरी अधिकृतलाई पूर्वाग्रहले सो जिम्मेवारी खोसिने गरी अन्यत्र सरुवा गरिएको चर्चा छ । यो मुद्दामा पनि त्यसको असर पर्यो परेन अनुसन्धानको विषय हो ।

### अति स्वेच्छाचारी सरकारी वकिल

सरकारी वकिलको भूमिकामा धेरै गुनासा रहने अवस्था छ । सर्वप्रथम, जब संगठित अपराधमा मुद्दा नचल्ने अवस्था थियो प्रारम्भिक प्रतिवेदन उपरको निर्देशनमा यो कुराको निर्देशन किन दिइएन ? चलाउन नमिल्ने मुद्दामा म्याद किन थपियो ? प्रहरीसँगै मुकाम गरी बसेको हो भने खटिएको सरकारी वकिल किन गम्भीर भएन ?

जग्गा फिर्ता गर्‍यो भनेर कसैलाई मुद्दा नै नचलाउने आधार के हो ? नेपालको कुन कानुनमा 'अपराधको प्राप्ति वा उपलब्धि' फिर्ता गरेमा अपराधबाट उन्मुक्ति पाउने भन्ने प्रावधान छ ? के यो प्रावधान अन्य सर्वसाधारणको हकमा पनि लागू हुन्छ ? गर्न सक्नुहुन्छ ?

जग्गा फिर्ता गर्ने दुई जनालाई मुद्दा नचलाउनेले जग्गा फिर्ता गरेका अन्य पाँच जनालाई भने किन मुद्दा ? एउटै मुद्दा र एउटै अवस्थामा कसैलाई मुद्दा नचलाउने र कसैलाई चलाउने किन ? यदि प्रहरीले अनुसन्धान बिगारेको थियो भने दोस्रोपटक पनि अनुसन्धान अपुरो भएको भनेर निर्देशनसाथ मिसिल फिर्ता पठाउनुपर्नेमा किन त्यसो गरिएन ? जबकि यो मुद्दामा हदम्यादको कुनै सीमा छैन । यदि मिसिल फिर्ता पठाइएको छैन भने त्यो अनुसन्धान पूर्ण रहेछ भन्ने मान्नुपर्ने हुन्छ, अनि यसको जिम्मा सरकारी वकिलले लिनुपर्ने कि नपर्ने ?

२५ दिन मात्र हिरासतमा रहनुपर्ने व्यक्तिहरू करिब दुई महिना हिरासतमा । अनधिकृत हिरासत बसाइको क्षतिपूर्ति के ? प्रहरीले प्रचलित कानुन बमोजिम अनुसन्धान कार्य गरे-नगरेको सुपरीवेक्षण गरी उचित निर्देशन दिने जिम्मेवारी कसको हो ? यति गम्भीर मुद्दामा आफैं महान्यायाधिवक्ताबाट चासो राखियो कि राखिएन ? राखियो भने गलत नियतले राखियो र राखिएन भने कानुनको पालना किन भएन ? सीआईबीको राय भन्दा फरक संख्यामा २८९ जनालाई मात्र प्रतिवादी बनाएको छ । यसको आधार र कारण के हो ? अर्कोतर्फ, सीआईबीले सचिव कृष्णबहादुर राउत विरुद्ध मुद्दा नचलाउने राय दिएको रहेछ । तर, राउतलाई पनि प्रतिवादी बनाएको देखियो, किन ?

यस्तै व्यवहार दोहोरिने हो भने अब नेपालका महान्यायाधिवक्ताको भूमिकामा पुनर्विचार गर्न जरुरी भयो । नेपाल सरकार पक्ष हुने सबै मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अन्तिम अधिकार संविधानले महान्यायाधिवक्तालाई दिइएको छ ।

यो अधिकार उनलाई दिंदा राज्यले 'आफ्नो मुद्दामा आफैं न्यायाधीश बन्न नहुने' भन्ने प्राकृतिक न्यायको सिद्धान्तमा सम्झौता गरेको हो अर्थात्, चल्ने वा नचल्ने भनेर निर्णय गरेको मुद्दामा भोलि महान्यायाधिवक्ता (वा उनको मातहत) ले नै बहस गर्ने हो । यत्रो ठूलो मूल्य चुकाएर राज्यले दिएको जिम्मेवारीमा लापरबाही गर्ने हो भने त्यो अधिकार महान्यायाधिवक्ताबाट हटाउन जरुरी छ । एउटा विकल्प, 'प्रदेश न्यायाधिवक्ता' जस्तो केवल सरकारको परामर्शदाताको भूमिका मात्र दिनेतर्फ सोच्न उचित हुनसक्छ ।

### न्यायाधीश भूमिकाको मूल्याङ्कन

टुप्पीमाथि रौं छैन भने झैं जनताको हकअधिकारको संरक्षण गर्नको लागि न्यायाधीश भन्दा माथि कोही हुँदैन । मानवअधिकार र कानुनको शासन सम्बन्धमा संसारकै उच्चतम कानुनी व्यवस्था अँगालेको हाम्रो देशले 'बाजले कुखुराको चल्ला आक्रमण गर्दा माउले सुरक्षा गरे सरह' सरकारको गलत कामबाट नागरिकलाई न्यायपालिकाले बचाउनुपर्छ ।' सातदशक अगाडिको सिद्धान्त (हरिप्रसाद शर्माको व्याख्या) मा आधारित हाम्रो न्याय व्यवस्थामा यो भूमिका पनि विचार गर्नुभएको छ ।

पश्चातदर्शी ऐन प्रयोग गर्न नमिल्ने भई 'संगठित अपराध' मुद्दा दर्ता नै नहुने कसुरमा यसै संगठित अपराधमा नै क्रमशः म्याद थपिँदै जानुले यो भूमिका चित्तबुझ्दो हुन सकेन । अनुसन्धानकर्ता र अभियोजनकर्तालाई कसरी जिम्मेवार बनाउने ? न्यायालयको भूमिका के हुने ? लापरबाही गर्नेलाई कारबाही गर्न न्यायालयले 'जुडिसियल स्ट्रिक्चर' जारी गर्‍यो कि गरेन ? यी अहम् प्रश्नहरू हुन् ।

अन्त्यमा, महत्वपूर्ण विषयका अनुसन्धान र अभियोजन गम्भीरतापूर्वक हुनैपर्छ । यो मुद्दामा मूलतः अनुसन्धानको अनुगमन गर्ने सरकारी वकिललाई बदि्नयतसाथ अभियोजन गरेको भनेर मुद्दा हाल्न अवश्य सकिन्छ । यदि मुद्दा दर्ता गरिएन भने अदालतमा परमादेश जारी गरी दर्ता गराउन सकिन्छ । यसमा पीडितले सोच्न नसक्ने कुरा छैन ।

उच्च राजनेताहरूले जनताको हितको लागि कति कसरी छलफल र समन्वय गर्दछ थाहा छैन, तर आफ्नो स्वार्थ र मान्छे जोडिएको अपराधको उठान, बैठान र व्यवस्थापनको लागि गठजोड भएको अनुमान गर्न सकिन्छ । देशमा सुशासन कायम गर्ने दिशामा एक अपूर्व अवसर, यो मुद्दा त्यसको उल्टो राज्यशक्तिको दुरूपयोग, अनुसन्धान र अभियोजनको कुरूप नमुना बन्यो । न्याय प्रणालीमाथि भद्दा मजाक बन्यो ।

धुमधडाका साथ सुरु गरिएको 'ललितानिवास' प्रकरणको अवसानमा धेरै कुरा नाङ्गियो । यसले गलत म्यासेज छोडेको छ । जस्तोः ठूलाले अपराध गरेमा पनि सहजै मुक्ति पाउँछन् । कुनै राजनीतिक व्यक्ति महान्यायाधिवक्ता नियुक्ति भए पनि ऊ दलको 'पिट्ठु' बन्न छोड्दैन । सरकारी वकिलले मुद्दा चल्ने-नचल्ने निर्णय गर्दा स्वेच्छाचारी भूमिका खेल्ने गर्छ । अनुसन्धान गर्ने 'प्रेरोगेटिभ राइट' पाएको प्रहरी निरीह छ । स्वतन्त्र अनुसन्धान गर्ने 'संवैधानिक जिम्मेवारी' प्राप्त प्रहरीलाई फरमान जारी हुन्छ, अन्यथा व्यावसायिक उन्नतिमा बाधा पर्छ । प्रहरीलाई स्रोत-साधन र तालिम पुगेको छैन र अनुसन्धानमा चुनौती लिनसक्ने बन्नु र बनाउनुपर्ने भएको छ ।

न्यायालय र न्यायाधीशमा पनि उत्तिकै सुधार जरुरी छ । साथै, आफ्नो स्वार्थ अनुकूलको काम मन्त्रिपरिषद्बाट निर्णय गराएर सोही आवरणमा अख्तियार र कानुनी कठघराबाट बच्ने उच्च राजनीतिक नेतृत्वलाई पनि अख्तियारले कारबाही गर्न सक्ने बनाउन संविधानमा संशोधन गर्न जरूरी छ । अन्यथा सर्वोच्च अदालतमा 'पीआईएल' दायर गरी सो मार्फत उपचार लिनुपर्ने भयो ।

*(साभार: अनलाइनखबर)*


GRAND OPENING
हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट
OPENING OFFER!
10%
DISCOUNT
असोज २८ देखि
३० गते सम्म
सुदिन ड्राइमिट
Ready To Eat
हाम्रा विशेषताहरू:
ग्याँस ओभनबाट उत्पादन गरिने ।
हानिकारक धुवाँको असर नहुने ।
१२ प्रकारका घरायसी मसलायुक्त ।
तत्काल खान मिल्ने ।
खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।
सुदिन प्याकेजिङ्ग उद्योग
SPU
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# मकवानपुरको सीमानामा २८ अर्बको हाइड्रो बन्दै

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ मकवानपुरको पूवी सीमाना बागमती गाउँपालिका क्षेत्रमा करिब २८ अर्ब रुपैयाँको लागतमा कोखाजोर जलविद्युत आयोजना निर्माणमा हुने भएको छ । बागमती प्रदेशको ३ जिल्लामा निर्माण हुने कोखाजोर जलविद्युत आयोजनामा २७ अर्ब ७४ करोड रुपैयाँ लागत अनुमान गरिएको छ । परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट सार्वजनिक भएको छ ।

वन तथा वातावरण मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट राय सुझावका लागि हालै सूचना सार्वजनिक गरेको छ । ६३ मेगावाट क्षमताको जलविद्युत आयोजना काभ्रे, सिन्धुली र मकवानपुरको सीमानामा निर्माण हुन लागेको हो । सिन्धुलीको हरिहरपुर गढी गाउँपालिका वडा नं. १, ३ र ५ तथा मरिण गाउँपालिका वडा नं. १ र २, काभ्रेको महाभारत गाउँपालिका वडा नं. १, ६ र ८ तथा खानीखोला गाउँपालिकाको वडा नं. ४ र ५ र मकवानपुरको बागमती गाउँपालिकाको वडा नं. १, ५ र ९ मा आयोजना निर्माणका लागि प्रस्ताव गरिएको हो ।

आयोजनाबाट वार्षिक उत्पादन ३०५.९६ गिगावाट आवर रहेको बताइएको छ । आयोजनाको बाँधक्षेत्र समुद्री सतहबाट ४२२ मिटर देखि ४६० मिटरसम्मको उचाइमा रहनेछ । बाँधक्षेत्रको जलाशय समुद्री सतहदेखि ४६० मिटरको उचाइमा रहनेछ । आयोजनामा ७६७५ मिटर लम्बाइको हेडरेस टनेल, सय मिटर उचाइ र ७ मिटर व्यास भएको सर्ज साफ्ट, ८२५.२५ मिटर लामो पेनस्टक पाइप र विद्युतगृहको लम्बाइ चौडाइ २६ मिटर र उचाइ ३२ मिटर रहने बताइएको छ ।

आयोजनाबाट उत्पादित विद्युत करिब ७ किलिमिटर लामो १३२ के.भी डबल सर्किट प्रसारण लाइनमार्फत् फापरबारी सबस्टेशनमा जोडिनेछ । प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनको क्षेत्र निर्धारण तथा कार्यसूची ११० मेगावाटमा स्वीकृत गरिएको थियो । आयोजनाको हाइड्रोलोजिकल परिमार्जन गर्दा प्रस्तावित बाँध क्षेत्रको औसत मासिक बहावमा परिवर्तन भएको र सोअनुसार आयोजनाको जडित क्षमता घटेर ११६ मेगावाट बाट १०४ मेगावाट अनुमान गरिएको थियो ।

आयोजनाको जडित क्षमता १०४ मेगावाट हुँदा पिकिङ अपरेशन सयम ६ घण्टा रहेकोमा हाल १० घण्टाको पिकिङ अपरेशन हुँदा जडित क्षमता ६३ मेगावाट हुने आयोजना लागत कम हुने तर, वार्षिक कुल ऊर्जा उत्पादन १०४ मेगावाट र ६३ मेगावाट जडित क्षमतामा करिब बराबर हुने देखिएकोले आयोजनाको जडित क्षमता ६३ मेगावाट कायम गरिएको स्रोतले बताएको छ ।

यस्तै, बागमती प्रदेशको सिन्धुपाल्चोकमा ३५.५२ मेगावाट क्षमताको ब्रह्ययाणी जलविद्युत् आयोजना निर्माण हुने भएको छ । वन तथा वातावरण मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट राय सुझावका लागि हालै सूचना सार्वजनिक गरेको छ । आयोजनाको लागत ७ अर्ब हुने अनुमान गरिएको छ । ब्रह्ययाणी हाइड्रोपावर कम्पनी प्रालि प्रस्तावक रहेको आयोजना जुगल गाउँपालिकामा निर्माण हुनेछ । आयोजनाको हेडवर्क्स लगनखोलाको दायाँ किनारमा लदनबेसीमा अवस्थित लगनखोला र मसालखोलाको संगमस्थलबाट ५ सय मिटर माथिल्लो तटीय क्षेत्रमा रहेको छ ।

आयोजना रन अफ रिभर प्रकृतिको हो । वेयर, अन्डर स्लुइस, इन्टेक, ग्राभेल, ट्र्याप, एप्रोच क्यानल, सेटलिंग बेसिन, हेडरेस पाइप, हेडरेस टनेल, सर्ज साफ्ट, प्रेशर टनेल, पेनस्टक पाइप, विद्युतगृह, टेलरेस तथा प्रसारण लाइन प्रस्तावित आयोजनाका मुख्य संरचनाहरु हुन् । आयोजनाको डिजाइन डिस्चार्ज ७.९५ घनमिटर प्रतिसेकेन्ड र नेट हेड ५३९.१४ मिटर रहनेछ । आयोजनाको वार्षिक उर्जा उत्पादन २१६.६६ गिगावाट रहेको छ ।

यस्तै, सिन्धुपाल्चोकमा अपर ब्रह्ययाणी जलविद्युत् आयोजना निर्माण हुने भएको छ । १५.१५ मेगावाट क्षमताको आयोजनाको लागत ३ अर्ब रहने अनुमान गरिएको छ । आयोजनाको निर्माणका लागि आवश्यक वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट वन तथा वातावरण मन्त्रालयले राय सुझावका लागि सूचना सार्वजनिक गरेको छ । प्रस्तावित आयोजना सिन्धुपाल्चोक जिल्लाको जुगलहिमाल गाउँपालिकामा प्रस्ताव गरिएको हो ।

यो आयोजना रन अफ रिभर प्रकृतिको हो । आयोजनाको ग्रस हेड ४६३ मिटर रहेको छ । डिजाइन डिस्चार्ज ४.०२ घनमिटर प्रतिसेकेण्ड रहेको छ । प्रस्तावित आयोजनाले वार्षिक ८९.०४९ गिगावाट ऊर्जा उत्पादन गर्ने रिपोर्टमा उल्लेख गरिएको छ । आयोजनाका संरचनाहरु मसालखोलाको दायाँ किनारामा रहनेछ ।

आयोजना जुगल गाउँपालिकाको वडा नम्बर २ र ३ मा रहनेछ । आयोजनाका लागि कुल ६.६ हेक्टर सरकारी जग्गा आवश्यक पर्नेछ । जसमा ४.१६ हेक्टर लाङटाङ राष्ट्रिय निकुञ्जको र २.४४ हेक्टर लाङटाङ राष्ट्रिय निकुञ्जअन्तर्गत व्यवस्थापन गरिएको खोला बगर प्रयोग हुनेछ ।

# गाउँगाउँ पुगेर भत्ता बड्दै राक्सिराङ गाउँपालिका

साझाकुरा संवाददाता



हेटौंडा, २९ असोज/ राक्सिराङ गाउँपालिकाले दसैंको मुखमा गाउँगाउँ पुगेर सामाजिक सुरक्षाभत्ता वितरण थालेको छ । भत्ता बितरणको समयतालिका नै बनाएर सेवा दिन गाउँगाउँ पुगेको हो ।

सोमबार बिहानै राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लको टोली वडा नम्बर ९ को जनतालाई भत्ता बितरण गर्न पुगेको थियो । राक्सिराङ-९ को अठारे बस्ने ९१ बर्षीया बृद्धा गौरी सुनारलाई जेष्ठ नागरिकले प्राप्त गर्ने रकम ३ महिना बराबरको रकम हस्तान्तरण गर्दै औपचारिक उद्घाटन गरिएको थियो । त्यस्तै राक्सिराङ-९ राजाराङ बस्ने अशक्त बृद्धा फूलमाया प्रजालाई गाउँपालिका अध्यक्ष मल्लले भत्ता हस्तान्तरण गरे । हिड्न नसक्ने अवस्थामा उनका छोरा कमलबहादुर प्रजाले बोकेरै भत्ता बितरण गर्ने स्थान वडा नम्बर ९ को वडा कार्यालयमा ल्याएका थिए ।

भत्ता लिनकै लागि हजारौं रुपैयाँ खर्च हुनबाट जोगिएको भन्दै फूलमाया प्रजाका छोराले खुशी ब्यक्त गरे । आमाको बृद्धभत्ता के गर्नुहुन्छ भन्ने प्रश्नमा आएको पैसाले आमाको उपचार गर्छु भनेर प्रतिक्रिया दिए । सामाजिक सुरक्षा भत्ता वडा कार्यालयबाटै प्राप्त गरेपछि अधिकांश बृद्धबृद्धाले आउँदो दिनहरुमा पनि यसैगरी प्राप्त गर्न पाए धेरै राम्रो हुने भन्दै आफ्ना जनप्रतिनिधिसँग गुनासो ब्यक्त गरेका थिए । भुगोलको आधरमा अझैसम्म पनि राज्यको हरेको सेवासुबिधा जनताको घरघर वा टोलमा पुऱ्याउन नसकेको तर, चाडपर्वमा भएपनी उहाँहरुलाई दुःख नहोस् भनेर पालिकाको विभिन्न वडालाई केन्द्रमा राखेर भत्ता बितरण गरिएको मल्लले बताए ।

वडाअध्यक्ष रामकुमार थिङले चाङबाङमा चैनपुर पुग्नु धेरै समस्या हुने भएकोले वडामा आएर भत्ता वितरण गरिएको बताए । अशक्त एकल महिलालाई खाद्यान्नको प्याकेज हस्तान्तरण गरिएको थियो । खाद्यान्न प्याकेजमा चामल, तेल, दाल र नुन बितरण गरिएको हो । युवालाई खेलकुदका सामग्री हस्तान्तरण गरिएको छ । ग्लोबल आईएमई बैंक चैनपुरमार्फत् पालिकाले आफ्ना नागरिकलाई सामाजिक सुरक्षा भत्ता बितरण गर्दै आईरहेकोछ ।

स्थानीयस्तरमा रकम वितरण गर्दैगर्दा ढुक्क भएर बिना कुनै बाधाअबरोध भत्ता वितरण गर्न सकेकोमा ग्लोबल आईएमई बैंक चैनपुर शाखाप्रमुख रबिन्द्र कालाखेतीले पालिका, वडा र सुरक्षाकर्मीलाई धन्यवाद दिए । १ सय २० जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको शाखाका प्रमुख कालाखेतीले जानकारी दिए । ९ नम्बरको भत्ता बितरण खैराङ वडा कार्यालयमा गरिएको थियो भने बाँकी वडाको बैंकको शाखाबाट बितरण गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देबचन्द्र गर्तौलाले जानकारी दिए ।

# शृंखलाले सार्वजनिक गरिन सम्भवसँगको प्रेम

साझाकुरा संवाददाता



हेटौंडा, २९ असोज/ पूर्वमिस नेपाल शृंखला खतिवडाले आफू कान्तिपुर मिडिया ग्रुपको प्रबन्ध निर्देशक सम्भव सिरोहियासँग प्रेममा रहेको खुलासा गरेकी छन् । सामाजिक सञ्जालमा एउटा रिल सेयर गर्दै उनले यसको खुलासा गरेकी हुन् ।

'म मेरो भर्चुअल परिवार सँग हाम्रो प्रेम साझा गर्न पाउँदा धेरै खुसी छु,' उनले लेखेकी छन्, 'नमस्ते । हामी सम्भव र श्रृंखला हौं । हाम्रो मिडल नेम 'होपलेस-रोमान्टिक' हो र सार्वजनिक रुपमा हाम्रो प्रेम साझा गर्न दुई सुपर-अन्तर्मुखीहरुलाई धेरै साहस चाहिएको थियो । तर, यो हामीले साझा गर्ने समय हो ।' उनले सम्भवबारे लेखेकी छन्, 'यहाँ गतवर्ष मैले तपाईसँग कस्तो महसुस गरेको छु भनेर व्यक्त गर्ने असफल प्रयास गर्दैछु । 'असफल' यस कारण कि मलाई थाहा छ मैले महसुस गरेको भावनाहरुलाई मैले कहिल्यै न्याय गर्न सक्दिनँ । जुन म तपाईंसँग महसुस गर्छु ।',

उनी थप लेख्छिन् 'म मेरो जीवनभर एक आशाहीन रोमान्टिक (होपलेस-रोमान्टिक' रहेकी छु । मसँग मेरो व्यक्तिगत डायरीमा 'प्रेम के हो' भन्ने जवाफ दिन प्रयास गर्ने कम्तिमा २० फरक खाताहरु छन्स जबदेखि म ११ वर्षको उमेरमा थिएँ । तपाईंलाई नभेटेसम्म मैले यसको अर्थ फेला पारेको थिइनँ जस्तो लाग्छ । यो चलचित्रहरु, पुस्तकहरु र गीतहरुमा देखाउने सबैजस्तै छ । फूल्ने हरेक फूल तपाईंका लागि फूल्ने जस्तै, हरेक प्रेम गीत तपाईंकै लागि लेखिएको छ, सबै नदीहरु तपाईंकै लागि बग्छन् । जब उहाँले तपाईंको दिनको बारेमा हरेक विवरण सुन्न उत्सुक हुनुहुन्छ, जब उहाँ प्रशंसा गर्न उदार हुनुहुन्छ र तपाईंलाई सारा संसारको सबैभन्दा सुन्दर व्यक्ति हुनुहुन्छ जस्तो गरी हेर्नुहुन्छ, तपाईं थप आत्मविश्वासी बन्नुहुन्छ', श्रृंखलाले भनेकी छन् ।

# लिभरको सयरधनीले प्रतिकित्ता १५८० रुपैयाँ बोनस पाउने

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ हेटौंडामा रहेको बहुराष्ट्रिय कम्पनी युनिलिभर नेपालले आर्थिक वर्ष २०७९/८० का लागि सेयरधनीलाई दिने लाभांश घोषणा गरेको छ ।

कम्पनी सञ्चालक समितिको बैठकले गत आर्थिक वर्षको वितरणयोग्य मुनाफाबाट सेयर धनीलाई नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो । जसअनुसार प्रतिसेयर १ हजार ५८० रुपैयाँका दरले नगद लाभांश वितरण गर्ने निर्णय कम्पनीले गरेको छ । युनिलिभरको १० कित्ता सेयर हुने सेयरधनीले १५ हजार ८ सय रुपैयाँ नगद लभांश पाउनेछन् । २०५३ मा लिभरले आइपीओ जारी गरेको थियो ।

२०५३ मा एक हजार रुपैयाँ लगानी गर्ने ब्यक्तिले यो वर्ष बोनसबापत १५ हजार ८ सय रुपैयाँ हातपाने भएका छन् । कम्पनीको प्रतिसेयर बजारमूल्य सोमबार ३५ हजार ९ सय रुपैयाँ पुगेको छ । २०५३ सालमा एक हजार लगानी गर्ने ब्यक्तिले अहिले लिभरको सयर बिक्री गर्दा करिब ३ लाख ५० हजार रुपैयाँ हात पार्नेछन् । प्रस्तावित लाभांश आउँदो वार्षिक साधारण सभाबाट अनुमोदन गरी सेयरधनीलाई वितरण गरिने कम्पनीले जनाएको छ । साधारणसभाबाट अनुमोदन भएको ४५ दिनभित्र नगद लाभांश सेयरधनीलाई वितरण गरिने कम्पनीले स्पष्ट पारेको छ ।

कम्पनीले लाभांश वितरणकालागि आउँदो मंसिर १२ गतेदेखि मंसिर २६ गतेसम्म बुक क्लोज गर्ने निर्णय पनि गरेको छ । यसको अर्थ मंसिर ११ गतेअघिसम्म कायम सेयरधनीहरु कम्पनीको लाभांश पाउन योग्य हुनेछन् ।

# कांग्रेस मकवानपुरद्वारा शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ नेपाली कांग्रेस मकवानपुरले सोमबार हेटौंडामा नेपालीहरुको महानपर्व बिजयादशमी, शुभदीपावली, नेपाल सम्वत एवम् छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रमको आयोजना गरेको छ ।

कार्यक्रम कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको सभाध्यक्षता तथा कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रममा बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तान, जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललितबहादुर घलान, उपप्रमुख सानुकाँजी लुईटेलको आतिथ्यता रहेको थियो ।

# डीडीसीको चाडपर्व लक्षित छुट

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ चाडपर्वलाई लक्षित गरी दुग्ध विकास संस्थान (डीडीसी) ले आफ्ना उत्पादनहरुमा छुटको घोषणा गरेको छ । हेटौंडामा रहेको डीडीसीले घीउ र बटरमा मात्र छुट दिनेभएको छ ।

हेटौंडा दुग्ध वितरण आयोजनाका प्रबन्धक नबीन शर्माका अनुसार एक लिटर घीउमा २० रुपैयाँ र आधा लिटर घीउमा १० रुपैयाँ छुट दिने ब्यवस्था गरिएको छ । १०० ग्राम मख्खनमा १५ रुपैयाँ छुट दिने प्रबन्धक शर्माले साझाकुरालाई बताएका छन् ।

डीडीसी केन्द्रीय कार्यालय लैनचौरले एक सूचना जारी गर्दै आफ्ना १४ प्रकारका वस्तुमा छुटको घोषणा गरेको छ । यो सहुलियत हालका लागि लैनचौर बिक्री केन्द्रमा मात्र लागू हुने डीडीसीले जनाएको छ । डीडीसीले प्रतिलिटर घिउमा ५० रुपैयाँ छुट दिने भएको छ । जसअनुसार १ हजार २०० रुपैयाँदेखि १ हजार २५० रुपैयाँसम्मको साबिकको मूल्यलाई घटाएर १ हजार १५० रुपैयाँदेखि १ हजार २०० रुपैयाँ कायम गरिएको छ ।

त्यस्तै प्रतिकिलो पनिरमा १०० रुपैयाँ छुट दिइएको छ । टेबल बटरमा प्रतिकिलो २०० रुपैयाँसम्म छुट डीडीसीले दिनेछ । यसैगरी प्रतिलिटर जार दहीमा १५ रुपैयाँ, पोली दहीमा १४ रुपैयाँ, प्रोबायोटिक दही जारमा २० रुपैयाँ छुट दिने डीडीसीले घोषणा गरेको छ ।

# थाहानगरको ज्येष्ठ नागरिक्लाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ थाहा नगरपालिका-२ का ज्येष्ठ नागरिकलाई सम्मान गरिएको छ । वडास्तरीय जेष्ठ नागरिक समितिको आयोजना तथा थाहानगरको २ नम्बर वडा कार्यालयको सहयोगमा कार्यक्रम भएको हो ।

वडास्तरीय जेष्ठ नागरिक समितिका संयोजक बिष्णुबहादुर थापाको सभाध्यक्षतमा भएको कार्यक्रममा प्रमुख अतिथि एवम् नगर प्रमुख बिष्णुबहादुर बिष्टले ज्येष्ठ नागरिकलाई सम्मान गरेका हुन् । नगरप्रमुख बिष्टले जेष्ठ नागरिकलाई ससम्मान बाँच्न पाउने अधिकारको रक्षा गर्नुपर्ने बताए । 'उमेर हुँदासम्म श्रममा खर्चने नागरिकलाई उमेर पुगेपछि बाँच्ने आधारको व्यबस्था राज्यले गर्नुपर्छ'-विष्टले भने । कार्यक्रमका वक्ताहरुले ज्येष्ठ नागरिकको माया र सम्मान सबैले गर्नुपर्ने बताए । ज्येष्ठ नागरिकलाई कसरी खुशी दिन सकिन्छ त्यसतर्फ ध्यान दिन जरुरी रहेको उनीहरुले बताए ।

कार्यक्रममा वडाभित्रका १ सय ५ जना जेष्ठ नागरिकको उपस्थिति रहेको थियो । १ सय १ वर्षीया वृद्धा मिनकुमारी बस्नेत, समाजसेवी सीताराम बिष्ट र हर्कबहादुर सिङ्तानलाई दोसल्लासहित सम्मानित गरिएको थियो । कार्यक्रममा वडा नम्बर २ का वडाअध्यक्ष बमबहादुर सिन्तान, थाहा नगरस्तरीय ज्येष्ठ नागरिक मञ्चका संयोजक ईश्वर बहादुर कार्की वडासदस्यहरु, वडास्तरीय ज्येष्ठ नागरिक समितिका सदस्यहरु लगायतको सहभागिता रहेको थियो ।

# प्रदेश प्रहरी र केदारेश्वर चैनपुर जेसीजकप फुटवल फाइनलमा

साझाकुरा संवाददाता



हेटौंडा, २९ असोज/ मनहरी ९ रजैयाको केदारेश्वर युवा क्लव र बागमती प्रदेश प्रहरीगण प्रथम चैनपुर जेसीज कप फुटबल प्रतियोगिताको फाइनल प्रवेश गरेका छन् । सोमबार भएको सेमिफाइनल खेलमा रजैयाले सिमपानी एफसी मनहरीलाई र पुलिसले सयपत्री एफसी सुनाचुरीलाई हराउँदै फाइनल भिडन्त पक्का गरेको हो ।

पहिलो खेलमा रजैयाले सिमपानीलाई १-० ले हराएको हो । खेलमा प्रयास तामाङले गरेको गोल नै निर्णायक बन्यो । पहिलो हाफ गोलरहित बराबरी भएको थियो । तामाङले दोस्रो हाफमा गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच निर्णायक गोलकर्ता तामाङ नै भएका छन् । यस्तै दोस्रो खेलमा प्रहरीले सयपत्री क्लवलाई टाइब्रेकरमा हराएको हो । निर्धारित समय गोलरहित बराबरी भएपछि टाइब्रेकरमार्फत निर्णय लिइएको हो ।

टाइब्रेकरमा पुलिसको ४ वटा प्रहार गोल हुँदा सयपत्रीको २ जनाले मात्र गोल गरेका थिए । सयपत्रीको एउटा प्रहार बाहिरिएको थियो भने एउटा प्रहार बारमा लागेर फर्किएको थियो । खेलको म्यान अफ द म्याच प्रदेश प्रहरी गणका विशाल थिङ घोषित भए । कात्तिक १ गते दिउँसो १ बजेबाट फाइनल खेल हुने आयोजक जेसीआई चैनपुर प्रस्तावितका अध्यक्ष गणेशदर्पण अधिकारीले जानकारी दिए ।

१६ टिमको सहभागिता रहेको प्रतियोगिताको विजेताले ५० हजार ५५५ र उपविजेताले २५ हजार ५२५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै विधागत उत्कृष्ट खेलाडीलाई समेत नगदसहित पुरस्कारको व्यवस्था रहेको छ । प्रतियोगिताको फाइनलकै दिन जेसीज सप्ताहको समापन समेत हुनेछ । फुटबल खेलको विकाससँगै खेलाडीको बीचमा भातृत्वको सम्बन्ध स्थापनाको लागि चैनपुर जेसीजले प्रतियोगिता आयोजना गरेको हो ।

हेटौंडा उपमहानगरपालिका
**३ नं. वडा कार्यालयको**
**सूचना**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पुरा भएको हुनुपर्ने ब्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ ।


मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा भएको ब्यवस्था बमाजिम बिवाह गर्ने व्यक्तिको उमेर बीस बर्ष नपुगी विवाह गर्न वा गराउनु हुदैन यदी गर्ने वा गराउने गरेमा तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको छ ।
बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौ ।

**ढलक बहादुर थापा**
वडा अध्यक्ष तथा
**३ नं. वडा कार्यालय परिवार**

**डेंगु रोग सम्बन्धि जानकारी**

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन् ।

- उच्च ज्वरो आउनु ।
- आँखाको गेडी वरिपरि तथा टाउकाको पछाडीको भाग दुख्ने ।
- जिउ दुख्ने ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्ने ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।



डेंगु रोगको उपचार :
- डेंगु रोग भाईरसको कारणबाट हुनेहुंदा खास उपचार र खोप नभएकाले समयमै स्वास्थ्य सस्था वा अस्पताल गई लाक्षणिक उपचार गर्नु पर्दछ ।

डेंगु रोगबाट बच्ने उपायहरु :
- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु पर्छ ।
- लामखुट्टेको टोकाइबाट बच्नका लागि दिनको समयमा पुरै शरिर ढाकिने गरी लुगा लगाउने ।
- सुत्दा झुलको प्रयोग गर्ने ।
- जम्मा भएको सफा पानीमा डेंगु रोग सार्ने लामखुट्टेको बासस्थान हुने भएकाले घर वरिपरिको पानी जम्ने स्थानहरु जस्तैः खुल्ला पानी ट्याङ्की, टायर, गमला तथा कुनैपनि भाडामा लामो समयसम्म पानी जम्न नदिने र प्रत्येक ३ वा ४ दिनमा भाडा खाली गर्ने ।
- घरायसी प्रयोजनका लागि संकलन गरिएको पानीको भाडा राम्रोसंग ढाक्ने ।
- नियमित वातावरणीय सरसफाई गर्ने ।



**हेटौंडा उपमहानरपालिका १६ नं वडा कार्यालय**
**हेटौंडा, मकवानपुर**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना